नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०८०/८१
चलानी .नः ८५६

मिति २०८०/१०/१७

<u>बिषय : परिपत्र सम्बन्धमा ।</u>

श्री स्थानीय तहरु सवै ।

श्री जिल्ला समन्वय समिति सवै ।

प्रस्तुत बिषयमा कर्मचारी सञ्चय कोषको च.नं. २२ मिति २०८०।१०।१२ को आवश्यक सहयोग गरिदिनहुन भनी यस मन्त्रालयमा प्राप्त पत्रको छयाँप्रति यसैसाथ संलग्न छ । कोषका नियमित सञ्चयकर्ता कर्मचारीहरुलाई कोषले प्रदान गर्दै आएका विभिन्न सामाजिक सुरक्षा सम्वन्धी सुविधाको वारे संलग्न पत्रबाट जानकारी हुन तथा आफू मातहतका सञ्चयकर्ता कर्मचारीहरुलाई सुसूचित गर्नु गराउनु हुन अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री सूचना प्रविधि शाखा :- वेवसाइटमा अपलोड गरी दिनहुन ।

तुलसी भट्टराई
शाखा अधिकृत

# कर्मचारी सञ्चय कोष
# Employees Provident Fund
**(कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित)**

प.सं./च.न. २०८०/८१- ४८, २२ मिति:२०८०/१०/१२

श्री ......................... 
सिंहदरवार, काठमाण्डौ ।

**विषय: आवश्यक सहयोग गरिदिनुहुन ।**

कर्मचारी सञ्चय कोष ऐन २०१९ द्वारा स्थापित कोषले सञ्चयकर्ताको कोष तथा योगदानमुलक निवृत्तभरण रकमको व्यवस्थापन गर्नुको साथै वि.सं. २०४८ सालबाट सञ्चयकर्तालाई विभिन्न सामाजिक सुरक्षा सुविधा प्रदान गर्दै आएकोमा वि.सं. २०७५ साल देखि स्वास्थ्य उपचार योजना अन्तर्गत स्वास्थ्य उपचार सुविधा समेत थप गरी सञ्चयकर्तालाई लाभान्वित गराउँदै आएको विषय अवगत नै छ । सामाजिक सुरक्षा सुविधालाई थप प्रभावकारी र व्यवस्थित बनाउन समयानुकुल सुधार गर्दै आएको र यसै क्रममा मिति २०८० फागुन १ गतेदेखि लागु हुने गरी स्वास्थ्य सुविधा योजनामा सञ्चयकर्ताको पति/पत्नी समेतलाई समावेश गरी दायरा विस्तार गरेको छ । साथै, कोषले तोकेको अस्पतालहरुमा भर्ना भइ उपचार गरेको अवस्थामा मात्र यस स्वास्थ्य उपचार योजनामा सहभागी हुन सकिनेछ । कोषले तोकेको अस्पतालको विवरण कर्मचारी सञ्चयकोषको वेवसाइट https://www.epf.org.np मा उपलब्ध गराइएको छ ।

यस सम्बन्धमा, एकिकृत रूपमा "कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८०" तर्जूमा गरी सञ्चयकर्ताको हितमा उपलब्ध गराउँदै आएको देहायको सामाजिक सुरक्षा योजनालाई थप व्यवस्थित गर्न लागेको व्यहोरा अनुरोध छ ।

कोषले उपलब्ध गराएको सामाजिक सुरक्षा योजनाहरुको बारेमा जानकारी गराई सञ्चयकर्ताहरुलाई लाभान्वित गर्न तहाँ अन्तर्गतका कार्यालयहरुमा सूचना सम्प्रेषण गरिदिने व्यवस्था मिलाई सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**कोषले सञ्चालन गरेका सामाजिक सुरक्षा योजनाहरु :**

(१) **काजकिरिया अनुदान योजना:** सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा निजको हकवालालाई काजकिरिया अनुदान बापत चालिस हजार रुपैयाँ भुक्तानी दिन सकिनेछ ।

(२) **सुत्केरी तथा शिशु स्याहार योजना:** सञ्चयकर्ता वा सञ्चयकर्ताको पत्नी सुत्केरी भएमा निजलाई सुत्केरी तथा शिशु स्याहार सुविधा बापत सेवा अवधिभरमा प्रति प्रसुति सात हजार पाँच सय रुपैयाँको दरले बढीमा पन्ध्र हजार रुपैयाँ भुक्तानी दिन सकिनेछ।

(३) **दुर्घटना क्षतिपूर्ति योजना:** सञ्चयकर्ता सेवाकालमा दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अङ्गभङ्ग भएमा सञ्चयकर्ता वा निजको हकवालालाई दुर्घटना क्षतिपूर्ति बापत दुई लाख रुपैयाँ भुक्तानी दिन सकिनछ ।

(४) **स्वास्थ्य उपचार योजना**

(क) **साधारण रोग:** सञ्चयकर्ता वा निजको पतिरपत्नी अस्पताल भर्ना भई उपचार गरेको साधारण रोगको हकमा प्रत्येक वर्ष रु. एक लाख सम्मको खर्च रकम सञ्चयकर्ता वा निजको पति/पत्नी वा निजको हकवालालाई शोधभर्ना दिन सकिनेछ ।

(ख) **घातक रोग :** सञ्चयकर्ता वा निजको पतिरपत्नी अस्पताल भर्ना भई उपचार गरेको घातक रोगको हकमा सञ्चयकर्ता वा निजको पतिरपत्नी वा निजको हकवालालाई सेवा अवधिभरमा रु दश लाख सम्मको खर्च रकम शोधभर्ना दिन सकिनेछ ।

**संलग्न:**

१. सामाजिक सुरक्षा योजना सञ्चालन विनियम, २०८० (कर्मचारी सञ्चयकोषको वेवसाइट https://www.epf.org.np मा उपलब्ध छ)

.........................
(सागर कुमार सिंह)
विभागीय प्रमुख
निवृत्तभरण व्य. तथा सामाजिक सुरक्षा विभाग

G.P.O. Box No.: 1180, Pulchowk, Lalitpur, Nepal.
Tel No.: +977-01-5010165, 5010166
**E-mail: info@epf.org.np**
**Website: www.epf.org.np**